# नेपाल पत्रकार महासंघ

Federation Nepali Journalists (FNJ)

रौतहट शाखा

Rautahat Branch

मिति २०८०/०५/०४

प्रेस विज्ञप्ति

समाचारको बिषयलाई लिएर शिवम क्रसर वृन्दावन-०३,का रौतहटका संचालक दिपक साहको निर्देशनमा हिमालय टेलिभिजनका रौतहट सम्बाददाता एबम नेपाल पत्रकार महासंघ जिल्ला कार्य समिति रौतहट सदस्य राकेश यादवमाथि भएको कुटपिट तथा दुर्व्यबहारको घटना प्रति गम्भीर ध्यानाकर्षण भएको छ ।

वृन्दावन नगर क्षेत्रमा अवैध रूपमा संचालित क्रसर उद्योग सम्बन्धमा रिपोर्टिङ्ग गर्ने क्रममा पत्रकार यादवको क्यामरा फुटाइ कुटपिट तथा दुर्व्यबहार गर्ने राजदेव ठाकुर, राधेश्याम यादव तथा महेश चौधरी इलाका प्रहरी कार्यालय गरूडाको नियन्त्रणमा रहेको छ।

यस घटनाको उचित छानबिन गरि पत्रकार यादवलाइ न्याय दिलाउन रौतहट शाखा सम्बद्ध पक्ष संग जोडदार माग गर्दछ।

मदन ठाकुर (धनन्जय)
सचिव

# प्रेस सेन्टर नेपाल

रौतहट शाखा

पत्र संख्या : २०८०/०८१

चलानी नं.

मिति : २०८०/०५/०५

## प्रेस विज्ञप्ति

वृन्दावन नगरपालिका वडा नं. १ मा विगत लामो समयदेखि अवैद्य रुपमा संचालित शिवम् क्रसर उद्योगले नदी कटान तथा क्रसर उद्योगको समाचारका लागि रिपोर्टिङ्ग गर्न गएका हिमालय टेलिभिजनका रौतहट सम्वाददाता राकेश यादवमाथि भएको कुटपिट तथा दुर्व्यवहार प्रति हाम्रा संगठनको गम्भीर ध्यानाकर्षण भएको छ ।

कुनै पनि सार्वजनिक सरोकारका विषयमा सूचना माग्ने तथा पत्रकारले समाचारमा आवश्यक परेको सामाग्रीका लागि सबैसंग अनुमति लिनुपर्ने कुनै कानुनी व्यवस्था नभएको अवस्थामा उक्त क्रसरका संचालक दिपक साहले पालेका गुण्डाहरुले भिडियो खिचेका पत्रकार यादवलाई सांघातिक आक्रमण गरी क्यामरा फुटाई दिनुका साथै पत्रकार यादवको छात्तिमा मुक्का हानेर गरेको दुर्व्यवहार निन्दनीय रहेको छ । कुटपिट तथा दुर्व्यवहार गर्ने क्रसर संचालक दिपक साहले पालेका गुण्डाहरु राजदेव ठाकुर, राधेश्याम यादव तथा महेश चौधरीलाई प्रहरीले नियन्त्रणमा लिई सकेकोले अब पत्रकार कुट्ने तीन जना गुण्डाहरुलाई हदैसम्मको काननी कारवाही गरिनुका साथै अवैद्य रुपमा संचालन गरिएको क्रसर तत्काल बन्द गर्न तर्फ स्थानीय प्रशासनले कदम नचाले हामी बाध्य भएर आन्दोलनमा उत्रन बाध्य हुनेछौं । साथै प्रेस सेन्टर नेपाल रौतहट शाखा यस घटनाको घोर निन्दा एवम् भर्त्सना गर्दै खेद प्रकट गर्दछ ।

डिल्ली बहादुर कार्की(सुब्बा)
अध्यक्ष
प्रेस सेन्टर नेपाल
रौतहट शाखा

सम्पर्क कार्यालय: ९८४५१००२२२
Email:subbakarki30@gmail.com

# प्रेस चौतारी नेपाल

## Press Chautari Nepal

### रौतहट शाखा

मिति : २०८०-०५-०४

## प्रेस विज्ञप्ति

वृन्दावन नगरपालिकामा अवैध रुपमा संचालित शिवम् क्रशर उद्योगको रिपोर्टिङ गर्ने क्रममा यस शाखाका सह-सचिव राकेश यादव माथि भएको कुटपिट तथा दुर्व्यवहार प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ ।

कुनै पनि सार्वजनिक सरोकारका विषयमा सूचना माग्ने अधिकार संविधानले सुनिश्चित गरेको छ। उक्त अधिकारको रक्षा गर्न र सत्य तथ्य सुचना संकलन गर्न जादाँ क्रशरका संचालक दिपक साहको निर्देशनमा पत्रकार यादवको क्यामरा फुटाइ कुटपिट तथा दुर्व्यबहार हुनु निन्दनीय र कानुनविपरीतको कार्य हो ।

कुटपिट तथा दुर्व्यबहार गर्ने राजदेव ठाकुर,राधेश्याम यादव तथा महेश चौधरीलाई प्रहरीले नियन्त्रणमा लिईसकेकोले पत्रकार कुट्ने र तीनका मतियारलाई हदैसम्मको कारबाही गर्न स्थानीय प्रशासनलाई अनुरोध छ । यदि दोषीलाई उन्मुक्ति दिन खोजेमा प्रेस चौतारी रौतहट शाखा कडा आन्दोलनमा उत्रिन वाध्य हुनेछ । साथै प्रेस चौतारी नेपाल शाखा यस घटनाको घोर निन्दा एव् भत्सना गर्दै खेद प्रकट गर्दछ ।

सचिव

मुकेश कुमार साह

प्रेस चौतारी रौतहट शाखा